जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

# २०७३ पुष महिनाको विपदसँग सम्बन्धित प्रतिवेदन

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, सिन्धुपाल्चोक

२०७३।१०।०२

यस२०७३ साल पुष महिनामा सिन्धुपाल्चोक जिल्लामा विपदका घटनाहरु धेरै घटेनन् । सबैजसो आगलागीका घटनाहरु घटेको देखिन्छ । वर्षा, सुख्खा, जाडो याम नभएकोले गर्दा त्यसबेला घट्ने खालका घटनाहरु घटेका छैनन् । यस महिनामा कुनै पनि सवारी दुर्घटनाका घटनाहरु जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा आएनन् । तर बढ्दो चिसोले जिल्लाको माथिल्लो भेग तथा भुकम्प पिडितहरु सबैभन्दा बढि असर परेको भन्न जानकारी विभिन्न पत्रपत्रिकाहरुबाट प्राप्त भएको छ ।

*तालिका 1: पुष महिनामा घटेका घटना विवरण*

| क्र.स. | घट्नाको किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राकृतिक विपद | ० | |
| २ | आत्महत्या | २ | |
| ३ | हत्या | ० | |
| ४ | आगलागी | ४ | |
| ५ | सडक दुर्घटना | ० | |
| ६ | अन्य (भीरबाट खसेर मरेको) | १ | |

२०७३ पुष ४ गते ठुलोसिरुबारी गा.वि.स. जंगलिछाप निवासि कुमार श्रेष्ठको घरमा भएको आगलागीमा रेडक्रसबाट निन्म सामाग्रीहरु सहयोग गरिएको थियो ।

- तार्पोलिन १ थान
- कमल २ थान
- भाडा १ सेट
- कपडा १ सेट (पाइन्टको कपडा, सर्टको कपडा, साडी, बुटे कपडा)
- डोरी १० मि.


यस वर्षको १९ औं राष्ट्रिय भुकम्प सुरक्षा दिवसमा **"भुकम्पीय सुरक्षाको बलियो आधार, भुईंचालो थेग्ने घर र भौतिक पूर्वाधार"** भन्ने नारा सहित निम्न कार्यक्रमहरु सञ्चालन गर्ने भन्ने निर्णय गरियो :

| क्रम | कार्यक्रम | समय | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC) लाई सामग्री हस्तान्तरण कार्यक्रम | दिउँसो ३:०० बजे | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | सेभ द चिल्ड्रेन, अक्सफाम र कियर नेपाल |
| २ | जिल्ला दैवी प्रकोप उद्धार समितिका सदस्यहरु लगायत पत्रकारहरुलाई जिल्ला विपद् जोखिम न्यूनीकरण सम्बन्धमा गरिएका प्रयास तथा आगामी योजना र जिल्ला आपतकालिन पूर्वतयारी रणनीतिका बारेमा प्रस्तुतीकरण<br>- भूकम्प प्रतिरोधी घरको नमुना सम्बन्धमा प्रस्तुतीकरण | दिउँसो ३:१५ बजे देखि ५:३० बजे सम्म | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | - सेभ द चिल्ड्रेन<br>- ई.टंक गौतम, DUDBC<br>- अक्सफाम |

| | | | | |
|---|---|---|---|---|
| | - जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र अन्तर्गत गोदाम घर निमार्ण सम्बन्धि प्रस्तावित डिजाईन प्रस्तुती | | | |

बढ्दो चिसोलाई मध्यनजर राख्दै जिल्लामा सरकारी तथा गैह्रसरकारी निकायहरुले न्यानो कपडा वितरण, काठ-दाउराको व्यवस्था, चिसोबाट बच्ने उपाहरुसँग सम्बन्धित जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पर्न सक्छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउन सकिन्छ:

- चिसोको समयमा न्यानो र बाक्ला लुगाहरु मात्र लगाउने;
- घर तथा गोठहरुमा चिसो नपस्ने गरी बारबेरको व्यवस्था गर्ने;
- हिमपात भईहालेमा घरबाट बाहिर ननिस्कने, यदि निस्कनै परेमा बाक्ला लुगाहरु लगाएर मात्र निस्कने;
- तातो झोल पदार्थ प्रशस्तै पिउने;




## जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक

## जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र

## २०७३ पौष महिनाको घटना विवरण

| सि.नं. | गाविस/नपा | समय र मिति | घटनाको किसिम | मानविय अवस्था | | | | प्रभावित परिवार | घरको अवस्था | | | | गोठ क्षति | पशुपन्छि क्षति | अनुमानित सम्पति क्षति | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मृत्यु | घाईते | बेपत्ता | जम्मा | | घर पूर्ण क्षति | घर आंशिक क्षति | जोखिम | जम्मा | | | | | |
| १ | ठुलोसिरुबारी -६ | २०७३।०९।२ दिउसो १२:३० | आगलागी | ० | ० | ० | ० | १ | १ | ० | १ | १ | ० | ० | ३,७५,०० | दिउसो १२:३० बजेको समयमा जि.सि.पा ठुलोसिरुबारी-६ बस्ने कुमार  श्रैष्ठको जस्ताको घरमा आगलागी भएको खबर ऐ १५:०० बजे प्राप्त हुनासाथ प्रहरी चौकि सागाचोकबाट प्र.स.नि.को कमाण्डमा ४ जनाको टोलि खटि गई हेर्दा खाना पकाउने कोइलाको चुलोबाट आगो सल्कन गई आगलागी हुँदा नगद रु १ लाख ७५ हजार, लत्ता कपडा अन्नपात गरी जम्मा ३ लाख ७५ हजार बराबरको क्षति भएको र मानविय, पशु चौपया क्षति नभएको १२:५० बजेको समयमा आगो पुर्ण नियन्त्रण आएको र घट्ना स्थल सागा प्रहरी चौकीबाट ८ किलोमिटर उत्तरमा पर्ने | जि.आ.स.के |
| २ | सिम्पालकाभ्रे | २०७३।०९।२ ७:०० | आगलागी | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ३ | ७०,००० | ७:०० बजेको समयमा सिमपालकाभ्रे-९ बस्ने भीम बहादुर तामाङको घर गोठमा कुडो पकाउन वालेको आगो सल्किन गई आगलागी हुदा उक्त गोठमा रहेको २ भैसी, १ वटा वाख्रा गरि अन्दाजि मुल्य ७०,००० वरावरको धनमाल जली नस्ट भएको। घट्नास्थल नवलपुरबाट ७ किलोमिटर पुर्व रहेको। | जि.आ.स.के |
| ३ | जलविरे-४, टाँडी | २०७३।०९।०६ बेलुका २०:३० | करेण्ट सट भई आगलागी | ० | ० | ० | ० | २ | १ | ० | ० | १ | ० | ० | ७,००,००० | बेलुका २०:३० बजेको समयमा जि.सि.पा. जलविरे-४ स्थित टाडी बजारमा रहेको ऐ.ऐ. बस्ने प्रकाश थापाको ढुङ्गामाटोले बनेको कच्ची घरमा अचानक करेण्ट सर्ट भई आगलागी हुँदा घरमा रहेको लत्ताकपडा र किराना पसलको सामान पूर्णरुपमा जली नष्ट भएको; सोही आगो सल्किन गई सँगै जोडिएको ज्ञान ब. थापाको ढुङ्गामाटोको कच्ची घरमा आगलागी हुँदा सामान्य क्षति भएको; मानविय तथा चौपाया क्षति केही नभएको । दुवै घरको अन्दाजी रु. ७,००,०००।- (सात लाख) बराबरको क्षति भएको; उक्त स्थानमा ई.प्र.का. जलविरेबाट प्र.ना.नि. पुरषोत्तम सुवेदीको कमाण्डमा ११ जनाको टोली र स्थानीय बासिन्दाको सहयोगमा २१:०५ बजे पूर्णरुपमा आगो नियन्त्रणमा आएको; ई.प्र.का. बाट २०० मि. उत्तरमा घटनास्थाल रहेको । | जि.आ.स.के |
| ४ | मेलम्चि-७ | २०७३।०९।२१; बिहान १०:१५ | आगलागी | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | ० | ० | ३,००,००० | अन्दाजी १०:१५ बजेको समयमा जि.सि.पा. मेलम्चि न.पा.-७ बस्ने वर्ष अन्दाजी ८० कि सिता धितालको कटेजमा ग्याँस सिलिण्डर लिक भई आगलागी हुँदा अन्नपात, लत्ताकपडा, भाँडावर्तन र नगद रु. २०,०००।- (बिस हजार) अन्दाजी मुल्य रु. ३,००,०००।- (तीन लाख) बराबरको क्षति भएको; मानविय तथा चौपाया क्षति नभएको; उक्त आगलागी स्थानीय बासिन्दा | जि.आ.स.के |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | र प्रहरी मिलेर पूर्णरुपमा नियन्त्रणमा आएको; उक्त स्थान ई.प्र.का. बाट २ कि.मि. दक्षिणमा पर्ने । | |



नेपाल रेडक्रस सोसाइटी

जिल्ला शाखा सिन्धुपाल्चोक

फोन नं. ०११-६२०१३४
०११-६२०२५९
इमेल : sindhuredcross@gmail.com
सम्पर्क : सिन्धुपाल्चोक, चौतारा

पत्र संख्या: 073/74
चलानी नं.: 936

नेपाल रेडक्रस सोसाइटी
सिन्धुपाल्चोक जिल्ला शाखा
चौतारा-३
स्थापित: २०२८

मिति :

मिति:२०७३।९।५

श्रीमान् प्रमुख ज्यू
DOC सिन्धुपाल्चोक

विषय : जानकारी गराइएको बारे ।

महोदय ,

प्रस्तुत बिषयमा मिति २०७३ पुष ४ गते दिनको १२:०० भएको आगलागी का कारण यस जिल्लाको ठुलोसिरुवारी गाविस जंगलिछाप निवासि कुमार श्रेष्ठको घर आगलागी भइ पुर्ण क्षतिभएको र निजको घरमा राखिएको ५०/६० हजार नगद,लत्ताकपडा जलेकाले निजलाई निम्नानुसारको राहात सामाग्री वितरण गरीएको व्यहोरा जानकारी साथ अनुरोध छ ।

तपसिल

१. तार्पोलिन १ थान
२. कमल २ थान
३. भाडा १ सेट
४. कपडा १ सेट (पाइन्टको कपडा,सटको कपडा,साडी,बुटे कपडा)
५. डोरी १० मिटर

राजकुमार लम्साल
कार्यालय प्रमुख

*Figure 1: रेडक्रसबाट राहत उपलब्ध गारएको सम्बन्धमा जि.आ.का.के. मा बुझाएको पत्र*

**तयार गर्ने**
जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र

**स्वीकृत गर्ने**
अन्तर बहादुर सिलवाल
(का.मु. प्रमुख जिल्ला अधिकारी)